# स्थानीय राजपत्र

त्रिपुरासुन्दरी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः २९

असार २५ गते, २०७७

**भाग–१**

**त्रिपुरासुन्दरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पिस्कर, सिन्धुपाल्चोक**
**प्रदेश नं. ३, नेपाल**

नेपालको संविधानको धारा, २२१ को उपधारा (१) बमोजिमको त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ सभाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०७७ सालको ऐन संख्या २

# त्रिपुरासुन्दरी गाउँपालिकाको विनियोजन ऐन, २०७७

## २०७७ सालको ऐन नं. ००२

त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक बर्ष २०७७ /०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक बर्ष २०७७ /०७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम त्रिपुरासुन्दरी गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "त्रिपुरासुन्दरी गाउँपालिकाको विनियोजन ऐन, २०७७ " रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक बर्ष २०७७ /०७८को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७७ //०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४१,८०,४५,९८०।०० (एक चालिस करोड असि लाख पैतालिस हजार नौ सय असि मात्र) (एक चालिस करोड असि लाख पैतालिस हजार नौ सय असि मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७ /०७८ को निमित्त त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।



(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा चालु शिर्षकबाट चालुमा,चालु र पूँजीगत शिर्षकबाट पूँजीगत शिर्षकमा २५ प्रतिसत नबढाई सार्न (रकमान्तर गर्न) सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४. दफा ३ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै पनि आयोजना कार्यान्वयनको लागि उपभोक्ता समिति गठन गरी चैत्र मसान्तभित्र सम्झौता गरी काम शुरु नगेरेका आयोजना कार्यपालिकाको बैठकबाट निर्णय गरी अन्य आयोजनामा रकमान्तर गरी खर्च गर्न सकिने छ ।

५. यस ऐन बमोजिम विनियोजन गरिएको रकम मध्ये शिक्षा, स्वास्थ्य, पशुसेवा, कृषि विकास र महिला बिकास क्षेत्रमा विनियोजित रकमलाई विषयगत निकायबाट विस्तृत कार्यक्रम प्रस्तुत भई आएमा सोहि बमोजिम खर्च गर्न सकिनेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र स | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | १९,३२,३०,९८०।०० | २२,४८,१५,०००।०० | | ४१,८०,४५,९८०।०० |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको साँवा ब्याज भूक्तानी | | | | |
| ५ | | लगानी (सेयर\ ऋण) | | | | |

**प्रमाणिकरण मितिः २०७७/०३/२५**

**आज्ञाले,**
**गणेश राम पोखरेल**
**प्रमुख प्रशासकीय अधिकृत**